मिति २०८२/०६/१८ गते देखि २० गते सम्म कोशी प्रदेश लगायत देशका विभिन्न भागमा ठूलो वर्षाहुने पूर्वानुमान भए बमोजिम झापा जिल्लामा मन्सूनजन्य विपद्को सम्भावना र विपदको अवस्थाबाट जनधनको क्षती हुन नदिन आपनाउन सकिने न्यूनिकरणका कार्यहरु तथा विपद्को समयमा उद्दार, राहत, पुनर्स्थापना सहयोग,समन्वय र सहजीकरण गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको आकस्मिक बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा वसी विभिन्न पक्षमा छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

| सि.नं. | पद | नामथर | कार्यालयको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | श्री गोपाल कुमार अधिकारी | जिल्ला प्रशासन कार्यालय, झापा | ९८५२६१७७७७ | |
| २ | प्र.से | श्री सरोज थापा | अरिदमन गण चारआली | ९८४१३५८२९५ | |
| ३ | प्र.उ | श्री राजन लिम्बु | जिल्ला प्रहरी कार्यालय, झापा | ९८४२६१५४५४ | |
| ४ | स.प्र.उ. | श्री तुल बहादुर भण्डारी | सशस्त्र प्रहरी बल २ नं. हे क्वा, झापा | ९८५११६२१०१ | |
| ५ | उप.अ.नि. | श्री उमेश पाण्डे | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा | 9842972807 | |
| ६ | प्र.ना.उ. | श्री राजन लामा | ईलाका प्रहरी कार्यालय, काँकडभिट्टा | ९८५४१२८४५११ | |
| ७ | नि.प्रमुख | श्री बिनेश झा | प्रादेशिक अस्पताल भद्रपुर, झापा | 9861010422 | |
| ८ | नि.प्रमुख | श्री ठमेन्द्र पौडेल | जिल्ला स्वास्थ्य कार्यालय, झापा | ९८४१६३९५९४ | |
| ९ | प्र.ब.ना.नि | चिरन्जिवी रेग्मी | कोशी प्रहरी बिपद् व्यवस्थापन झापा मेची गुल्म | ९८५२६६१६८९ | |
| १० | प्र.स.नि | आशिष लुइटेल | जिल्ला ट्राफिक कार्यालय, झापा | ९८४९८६५६३४ | |
| ११ | सभापति | श्री लोकराज ढकाल | नेपाल रेडक्रस सोसाइटी, झापा शाखा | ९८५२६६२६९८ | |
| १२ | महासचिव | श्री पुष्प निरौला | निर्माण व्यवसायी संघ, झापा | ९८५१०९३९६५ | |
| १३ | अध्यक्ष | श्री याम वहादुर श्रेष्ठ | नेपाल उद्योग संघ, झापा | | |
| १४ | अध्यक्ष | श्री विष्णु कुमार श्रेष्ठ | नेपाल यातायत व्यवसायी महासंघ, झापा | ९८५२९६७२४३ | |
| १५ | पूर्व अध्यक्ष | श्री दुर्गाराम अर्यालय | पूर्व मेची बस व्यवसायी संघ, झापा | ९८५२२६६८४५ | |
| १६ | कोषाध्यक्ष | श्री मोहन रिजाल | नेपाल यातायत व्यवसायी महासंघ, झापा | ९८४२९८८९९६ | |
| १७ | रे.क्र.इ. | श्री निमल बेगा | [illegible] झापा | 9849598732 | |
| १८ | प्र.अ. | श्री रूपक काफ्ले | जिल्ला प्रशासन का.झा. | ९८५११८६३६६ | |
| १९ | कृ.अ. | श्री मोहनप्रभ भट्टराई | -॥- -॥- -॥- | ९८४१८०६५४० | |
| २० | ना.सु. | श्री पदमलाल ओझा | -॥- -॥- -॥- | ९८४१९८६८९६ | |
| २१ | | | | | |
| २२ | | | | | |
| २३ | | | | | |

निर्णयहरु

१. यही २०८२ साल असोज १८ गतेदेखि २० गतेसम्म कोशी प्रदेश लगायत देशका बिभिन्न भागमा मध्यम तथा भारी वर्षा हुने जल तथा मौसम बिज्ञान विभागको पुर्वानुमान रहेको छ। उल्लिखित दिनहरुमा बिभिन्न स्थानमा हुनसक्ने डुबान तथा बाढि पहिरोबाट जोगिन आवश्यक सजगता अपनाई सोही बमोजिमका कार्य गर्न गराउन झापा जिल्लाबासी आम जनसमुदायमा हार्दिक अनुरोध गर्ने।
२. विपदको समयमा हुन सक्ने बाढी, डुवान कटान लगायतका विपद्जन्य घटनामा तत्काल उद्दार तथा पुनर्स्थापनाको लागि जिल्लास्थति सुरक्षा निकायहरुले आ-आफ्ना जनशक्ति र आफुसँग भएका उद्दार सामग्रीहरु तयारी अवस्थामा राख्ने साथै मातहतका ईकाइहरुलाई स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय र सम्पर्कमा रहि तयारी अवस्थामा रहन निर्देशन दिने।
३. स्थानीय तहहरुलाई बाढी तथा डुवानको जोखीममा रहेका आफ्नो क्षेत्रका मानिसहरुको उद्दारका लागि स्थानीय सुरक्षा निकाय, संघसंस्था, स्वयंसेवक लगायतसँग आवश्यक समन्वय गरी तयारी अवस्थामा रहन अनुरोध गर्ने तथा उद्दार पश्चात राख्न पहिचान गरिएका सुरक्षित स्थलहरु(विद्यालय, सामुदायिक भवन आदी)को सरसफाई गराईराख्न तथा ती भवनको तालाचावी बोक्ने व्यक्तिलाई सम्पर्कमै रहने गरी आवश्यक व्यवस्था मिलाउने।
४. उद्योगी, व्यापारी, व्यवसायी एवं विपदमा सहयोग गरी मानवसेवा गर्न इच्छुक संघ-संस्था, महानुभावहरुले स्थानीय तह तथा जिल्ला प्रशासन कार्यलयसँग सम्पर्क समन्वय गर्न अनुरोध गर्ने।
५. मनसून जन्य विपद् सम्बन्धी भरपर्दो सूचना संकलन, आदान प्रदान गर्ने तथा सुरक्षा निकाय नेपाल रेडक्रम सोसाइटी तथा अन्य संघ संस्था, नागरिक समाज तथा विपद् उद्दारमा योगदान गर्न सक्ने सबै संस्था/ समुदायले स्थानीय तहहरुसँग निरन्तर सम्पर्क/समन्वय गरी आवश्यक सहयोग पुर्याउने।
६. मिति २०८२ असोज १८ गतेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरवार, काठमाडौंको सूचना बमोजिम झापा जिल्लाबाट चल्ने लामो दुरीका र काठमाडौं उपत्यका भित्रिने सवारी साधन आवतजावत मिति २०८२ असोज १८,१९ र २० गतेका लागि बन्द गर्ने।
७. मेची राजमार्गमा चल्ने सवारी साधनको हकमा तत्काललाई रातको समयमा यातायात सञ्चालनमा रोक लगाउने र उक्त राजमार्गको अवस्था सम्बन्धमा निरन्तर सूचना प्राप्त गरी राजमार्गमा पहिरो गई अवरुद्ध भएको सूचना प्राप्त भएमा तथा इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाका सुरक्षा निकायसँग समन्वय गरी प्राप्त सूचनाका आधारमा नेपाल प्रहरी र ट्राफिक प्रहरीले यातायातका साधन सञ्चालनमा रोक लगाउनु पर्ने भए आवश्यक निर्णय लिई सो को सूचना प्रवाह गर्ने।

२०८२।६।१८